नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

बेपत्ता व्यक्तिको दाबी पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०८३।०७।२१)

बेपत्ता स्वदेशी व्यक्तिको हकमा बेपत्ता व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय तहबाट भएको सिफारिसको आधारमा सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयसहित प्राधिकरणमा प्राप्त विवरण र बेपत्ता विदेशी व्यक्तिको हकमा सम्बन्धित मुलुकको नेपालस्थित नियोग वा नेपाल हेर्नेगरी तोकिएको नियोगबाट कन्सुलर सेवा विभाग मार्फत प्राधिकरणमा प्राप्त विवरण बेपत्ता व्यक्ति जीवित रहेको वा फेला परेको भए निज वा एकाघरको परिवारले सात दिनभित्र दाबी पेस गर्ने प्रयोजनार्थ विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ को दफा २ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ। विवरणमा थपघट वा संशोधन गर्नुपर्ने भएमा तपसिलमा उल्लेख भएबमोजिम दाबी पेस गर्नुहुन अनुरोध छ।

तपसिल

क. स्वदेशी व्यक्तिको हकमा

१. हालसम्म जिल्ला धनकुटा (२), डडेल्धुरा (१५), खोटाङ (६), मनाङ (०), भोजपुर (४), अछाम (२), कपिलवस्तु (६), जाजरकोट (२), सर्लाही (३), ललितपुर (१४), संखुवासभा (३), कैलाली (५१), महोत्तरी (९), बागलुङ (१६), ताप्लेजुङ (२), जुम्ला (६३), बाजुरा (३), कालिकोट (६), नवलपरासी पूर्व (१७), उदयपुर (१७), काभ्रेपलाञ्चोक (३५), नवलपरासी (पश्चिम) (११), तेह्रथुम (१), रसुवा (१५३८), रुकुम (पूर्वी भाग) (४), सप्तरी (५१), बर्दिया (७४), स्याङ्जा (८), रामेछाप (३७), दाङ (३८), सिन्धुपाल्चोक (२१९) र सिन्धुली (३७) गरी ३२ वटा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट यकिन भई आएको २२९४ जनाको विवरणमात्र समावेश गरिएको छ।

२. उक्त विवरण देहायको QR Code स्क्यान गरी वा https://setu.ndrrma.gov.np/missing/ मा क्लिक गरी वा सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ।

३. बुँदा नं. २ अनुसारको विवरण फरक परेमा फरक परेको बेहोरा खुलाई यस प्राधिकरणको इमेल ठेगाना ndrrma@gmail.com मा दाबी पेस गरी पठाउनुपर्नेछ।

४. थप जानकारीको लागि मोबाइल नं. ९८५१३२०२६९ वा ९८४९२८१०९७ मा सम्पर्क गर्न सकिनेछ।

ख. विदेशी व्यक्तिको हकमा

१. हालसम्म Embassy of The Federal Republic of Germany (8), Australian Embassy (33), Consulate General of Italy (2), Embassy of the Republic of Korea (9), Embassy of the Russian Federation in Nepal (11), Embassy of Malaysia (54) र Embassy of Ukraine (54) गरी ७ वटा देशबाट १७१ जनाको विवरण यकिन भई आएको छ। उक्त विवरणबारे बुझ्न वा संशोधन गर्न परराष्ट्र मन्त्रालय अन्तर्गतको कन्सुलर सेवा विभागमा सम्पर्क गर्नुहुन अनुरोध छ।

पुनश्चः माथि उल्लिखित बाहेकको विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालय र बेपत्ता विदेशी नागरिकको हकमा तोकिएको नियोगहरुबाट प्राधिकरणमा सूची प्राप्त भएपश्चात पुनः सूचना प्रकाशित गरिनेछ।